आज मिति २०७६।०७।२५ गते सोमबारको दिन यस माधव नारायण नगरपालिकाका नगर प्रमुख श्री वीरेन्द्र प्रसाद यादव ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितीमा देहाय बमोजिमका निर्णयहरु पारियो ।

उपस्थिती :

| क.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री वीरेन्द्र प्रसाद यादव | प्रमुख | |
| २ | श्री सिमल साह | उप प्रमुख | |
| ३ | श्री रणधिर प्रसाद यादव | सदस्य | |
| ४ | श्री हनुमान सहनी मलाह | सदस्य | |
| ५ | श्री राजकुमार राय यादव | सदस्य | |
| ६ | श्री रामदेनी मुखिया | सदस्य | |
| ७ | श्री जमिलकर मंसुरी | सदस्य | |
| ८ | श्री राजीव कुमार यादव | सदस्य | |
| ९ | श्री दिलीप कुमार यादव | सदस्य | |
| १० | श्री जितेन्द्र प्रसाद | सदस्य | |
| ११ | श्री जगरीत सहनी | सदस्य | |
| १२ | श्री दिपेन्द्र कुमार मुखिया | सदस्य | |
| १३ | श्री जनक मण्डल सुडी | सदस्य | |
| १४ | श्री रुप नारायण बैठा धोवी | सदस्य | |
| १५ | श्री बविता कुमारी पासवान | सदस्य | |
| १६ | श्री गायत्री देवी | सदस्य | |
| १७ | श्री रनिया देवी बनिया | सदस्य | |
| १८ | श्री नुतन कुमारी | सदस्य | |
| १९ | श्री प्रमिला देवी | सदस्य | |
| २० | श्री प्रलव कायस्थ | सदस्य सचिव | |

Scanned with CamScanner

आज मिति २०६३।६।६ गतेका दिन यस माधव नारायण नगरपालिका अन्तर्गत नगर शिक्षा समितिको अध्यक्ष श्री विरेन्द्र प्रसाद यादव ज्यूको अध्यक्षतामा बैठक बसी विभिन्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो।

<u>उपस्थिति</u>

१. अध्यक्ष – श्री विरेन्द्र प्रसाद यादव

२. सदस्य – श्री प्रणव कायस्थ

३. सदस्य – श्री रामजनम पण्डित

कविता ४. सदस्य – श्रीमती कविता पासवान

५. सदस्य – श्री जागेश्वर अहमी

गायत्री ६. सदस्य – श्रीमती गायत्री देवी

७. सचिव – श्री रामजी राम यादव

<u>प्रस्ताव</u>

१. मा०वि० रजवाडा टोल ८ को नि०प्रा०अ० समर्थन्दूना।

२. विद्यालय अनुगमन सम्बन्धमा।

<u>निर्णय</u>

१. प्रस्ताव नं. १ एक माथि छलफल गर्दा यस माधव नारायण न०पा० वार्ड नं. ८ को मिति २०६३।५।३१ को च०नं० १२८ तथा मा०वि० रजवाडा टोल-८ को विद्यालयको

निर्णयहरु :

निर्णय नं. १ :

यस आ.व. २०७६/०७७ मा तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत संचालन हुने तपसिल बमोजीम बजेट विनियोजन भएका योजनाहरु तपसिल बमोजीम संचालन गर्न प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

१. श्री प्रा.वि. मिठुअवा कटहरीया विद्यालय भवन निर्माण वडा नं ५ (रु. ४०,००,०००।०० अक्षरेपी रुपैयाँ चालीस लाख मात्र) - वि.व्य. स द्वारा गठित निर्माण समिति मार्फत ।

२. श्री प्रा.वि. भवन निर्माण गढो रघुनाथपुर वडा नं ९ (रु. ३५,००,०००।०० अक्षरेपी रुपैयाँ पैतीस लाख मात्र) - वि.व्य. स द्वारा गठित निर्माण समिति मार्फत ।

३. गजेन्द्र नारायण सिंह स्मृती स्थलको भौतिक पूर्वाधार निमार्ण वडा नं ३ (रु. ४०,००,०००।०० अक्षरेपी रुपैयाँ चालीस लाख मात्र) - गजेन्द्र नारायण सिंह स्मृती प्रतिष्ठान मार्फत ।

निर्णय नं. २ :

आ.व. २०७५/०७६ मा बिभिन्न शिर्षकहरुबाट संचालीत सम्पूर्ण योजना/कार्यक्रमहरुको धरौटी वापतको रकम सम्बन्धित उ.स/संस्थाहरुलाई फिर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :

आ.व. २०७५/०७६ मा कार्यादेश लिई सम्पन्न भएको तथा सोही आ.व. मा विविध कारणवश भुक्तानी हुन नसकेको श्री राम निर्माण सेवा मार्फत संचालीत नगरस्तरीय विद्युतीकरण कार्यको रु. २०,००,०००।०० (अक्षरेपी रुपैयाँ बीस लाख मात्र) बराबरको भुक्तानी यस आ.व. २०७६/०७७ मा म्याचिङ्ग फण्ड शिर्षकबाट भुक्तानी गर्न प्रमुख प्रशासकिय अधिकृत तथा लेखापाललाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४ :

यस कार्यालयका कर्मचारी सहायक चौथो तथा जिन्सी शाखाका प्रमुख श्री रवीन्द्र मण्डल यस कार्यालयको कामकाजका सिलसिलामा काठमाण्डौंबाट रौतहट फर्कने क्रममा मकवानपुर जिल्लाको नेवारपानी आसपासको क्षेत्रमा बस दुर्घटनामा परी गम्भीर घाईते भएको तथा हालसम्म नीजको उपचार खर्च सवारी धनीले व्यहोर्दै आएको भएतापनी अब उपरान्त नीज आफैले व्यहोर्नु पर्ने भएको हुँदा नीजको कमजोर आर्थिक अवस्थालाई मध्येनजर गर्दै नीजको औषधि उपचारका लागि यस नगरपालिकाबाट हाललाई रु. ५,००,०००।०० (अक्षरेपी रुपैयाँ पाँच लाख मात्र) विविध शिर्षकबाट कट्टा हुने गरी नीजको श्रीमती श्री मन्जु देवीलाई उपलव्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

स्थायी इजलासको मिति २०७६।६।८ गतेको निर्णय अनुसार ट्याप विद्यालय का प्र०अ० शम्भु राय यादव विद्यालयमा नियमित रूपले उपस्थिति न भएको कारण विद्यालय कार्य मा बाधा पर्न गएको ले हाल त्यहीं विद्यालयमा कार्यरत मा० वि० द्वितीय श्रेणी का स्थायी शिक्षक भोगेन्द्र प्रसाद यादव लाई नि०प्र०अ० दिने सर्व सहमती बाट निर्णय गरियो। साथै निज प्र०अ० शम्भु राय यादव लाई अर्को व्यवस्था न हुन जेल सम्म नगरपालिका को कार्यालय मा राख्ने सर्व सहमती बाट निर्णय गरियो।

२. प्रस्ताव नं. दुई माथि छलफल गर्दा यस भाङ्गाहा नगरपालिका अन्तर्गत पर्ने सम्पूर्ण विद्यालय हरुलाई नियमित रूपले अनुगमन गर्ने शिक्षा शाखालाई जिम्मेवारी दिने निर्णय गरियो।

सविता गामी

नि०प्र०अ०

निर्णय नं. ५ :

आ.व. २०७६/०७७ मा संचालन हुने नगरस्तरीय योजनाहरुको हकमा उपभोक्ता समिति गठन सम्बन्धि कार्यविधि बमोजीम उपभोक्ता समिति गठन सम्बन्धित वडाका अध्यक्ष वा कार्यपालिकाले तोकेको प्रतिनिधिको रोहवरमा गठन गर्ने व्यवस्था बमोजीम नगरस्तरीय योजनाहरुको हकमा उपभोक्ता समिति गठन सम्बन्धित वडाका अध्यक्ष वा कार्यपालिका सदस्य श्री गायत्री देवी को रोहवरमा गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ :

यस आ.व. ०७६/०७७ मा श्री सडक बोर्ड नेपाल मार्फत यस नगरपालिका क्षेत्र भित्र सडक मर्मत सम्भारका लागि कार्यक्रम स्वीकृत गरी माग गर्न पत्राचार भए बमोजीम श्री सडक बोर्ड नेपालमा तपसिल बमोजीमका कार्यक्रम स्वीकृत गरी माग गर्ने निर्णय गरियो ।

तपसिल

१. वडा नं. ७ कुशवाहा चौक देखि गढो सम्म सडक मर्मत ।
२. वडा नं. ४ मानपुरको मूल सडक देखि पूर्व माधोपुर सम्म सडक मर्मत ।
३. वडा नं. ७ लौकाहा साना किसान बैंक हुँदै मिठुअवा जाने बाटो सम्म सडक मर्मत ।
४. वडा नं. ६ माधोपुर देखि बिसुनपूर्वा सम्म सडक मर्मत ।

निर्णय नं. ७ :

यस माधव नारायण नगरपालिकाको वडा नं. ८ पिप्रा रजबाडाको प्रा. वि. पिप्रा रजवाडामा कार्यरत प्र. अ. श्री शम्भु राय यादवले आफ्नो जिम्मेवारी तत्परताका साथ बहन नगरेको भनी ८ नं. वडा कार्यालयबाट सिफारिस भएको तथा सो प्रति नगर शिक्षा समितिले प्र. अ. श्री शम्भु राय यादवलाई अर्को व्यवस्था नहुन्जेल सम्मका लागि यस नगरपालिकाको कार्यालयमा हाजीर गराउने तथा सोही विद्यालयमा कार्यरत प्रा. वि. द्वितीय शिक्षक श्री भोजीन्द्र राय यादवलाई अर्को व्यवस्था नहुन्जेल सम्मका लागि हाललाई निमित्त प्र.अ.को जिम्मेवारी दिने भनी गरेको निर्णय तथा शिक्षा शाखा तथा शिक्षा समिति बाट विद्यालयहरुको अनुगमन कडाईका साथ गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

आज मिति २०७६।०७।२५ गत्ते बसेको यस माधव नारायण नगर कार्यपालिकाको बैठक यसैका साथ सम्पन्न भएको निर्णय गरियो ।

Scanned with CamScanner